# रौतामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भुट्टार उदयपुर
१नं. प्रदेश नेपाल

पत्र संख्याः- ०७९/०८०
च.नं. :-

मितिः२०७९।०४।३०

**सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति २०७९/०४/३०**

रोजगार संयोजकको पदपूर्ती र सेवा सुविधा सम्बन्धी मापदण्ड,२०७६ र स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड २०७८ बमोजिम यस रौतामाई गाउँपालिकामा तपसिल पदका लागि खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.स. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२/०७९/०८० | रोजगार संयोजक | स्थानीय सेवाको छैटौं तह सरह | १ एक |
| २ | ०३/०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको पाचौं तह सरह | १ एक |

**१.आवश्यक न्यूनतम योग्यताः**

(क)रोजगार संयोजक पदको लागिः मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरेको, दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ ननाघेको ।

(ख)रोजगार सहायक पदको लागिः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको, दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

**२.आवश्यक कागजातहरु(दुवै पदका लागि):**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

(ख) पासपोर्ट साईजको फोटो २ प्रति ।

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।

(घ) कार्यअनुभव र तालिम भए सोको प्रमाणपत्रको १/१ प्रति ।

**३.करार अवधि(दुवै पदका लागि):** २०७९ पौष मसान्त सम्म(का.स.मु को आधारमा नविकरण हुन सक्ने) ।

**४.दरखास्त दिने अन्तिम मिति** :२०७९/०५/१३ गते(उक्त दिन सा.बि परेमा सोको भोलि पल्ट कार्यालय समय भित्र)।

**५.छनौट किसिम(दुवै पदका लागि):** प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित र कम्प्युटर सिप परिक्षण ।

**६.दरखास्त दस्तुरः**

(क) रोजगार संयोजक पदका लागिः रु १०००/-(एक हजार मात्र)

(ख) रोजगार सहायक पदका लागिः रु ५००/-(पाच सय मात्र)

**७.सेवा सर्त र सुविधाः**

(क) रोजगार संयोजक पदका लागिः रोजगार संयोजकको पदपूर्ती र सेवा सुविधा सम्बन्धी मापदण्ड,२०७६ बमोजिम हुने।

(ख) रोजगार सहायक पदका लागिः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड २०७८ बमोजिम हुने ।

सम्वन्धित पदहरुको आवेदनको ढाँचा,कार्यविवरण,पाठ्यक्रम र अन्य विस्तृत जानकारी श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय( प्रधानमन्त्री रोजगार कार्यक्रम)को वेबसाइट **www.pmep.gov.np** बाट र यस गाउँपालिकाको वेबसाइट **www.rautamaimun.gov.np** बाट डाउनलोड गर्न सकिनेछ ।

..............................

नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

CamScanner